का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ८५
❒ ३० बैशाख २०७७, मंगलबार
❒ 12 May 2020, Tuesday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: सोमबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|
| नेपालमा | १३४ जना | ३३ जना | १७८०९ | १५३ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ४२ लाख १७ हजार | १५ लाख ६ हजार | २ लाख ८४ हजार | २४ लाख २६ हजार |

# बढ्यो परीक्षण, थपिए संक्रमित

## ■ संक्रमित हुनेमा भारतबाट आएका युवा धेरै

**छैटौं पटक थप गरिएको लकडाउनको समयावधि एक साता बाकी रहादा सरकारले पीसीआर विधिबाट परीक्षण बढाएको छ भने संक्रमित संख्या पनि थपिएका छन्। सोमबार मात्रै चौबिस जनामा संक्रमण देखिएको छ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ वैशाख।

विश्वव्यापी कोभिड-१९ को महामारी रोकथाम गर्न सरकारले गएको चैत ११ गतेदेखि लकडाउन कायम राखेको छ। छैटौं पटक थपिएको लकडाउन जेठ ५ गते सकिदैछ। लामो समयको लकडाउन राजधानी उपत्यकामा केही खुकुलो बनाइएको छ। अर्कातिर, पीसीआर विधिबाट परीक्षण बढाइएको छ। परीक्षण बढाइए सँगै संक्रमित पनि बढेका छन्। सोमबार मात्रै एघार जनामा संक्रमण देखिएको छ।

### ■ २४ घण्टामा २७ सय परीक्षण

गएको चैत ११ गतेदेखि नेपालमा महामारी रोकथामका लागि लकडाउन गरिएको छ। छैटौं पटक थप गरिएको लकडाउनको समय जेठ ५ गते सकिदैछ। तर, अहिलेसम्म पीसीआर माध्यमबाट नेपालमा १७ जहरा ८०९ जनाको मात्रै परीक्षण गरिएको छ। आइतबारबाट भने पीसीआर माध्यमबाट परीक्षण दर बढाइएको मन्त्रालयले जनाएको छ। आइतबार देखि २४ घण्टामा मात्रै दुई हजार ७१९ जनाको परीक्षण गरिएको छ। त्यस मध्ये २४ जनामा संक्रमण देखिएको हो।

### ■ संक्रमित धेरै युवा

सोमबार एकै दिन २४ जनामा कोभिड-१९ को संक्रमण देखिएको छ। कपिलवुस्तमा १६, रुपन्देहीमा ६, बर्दियामा १ र सप्तरीमा एक जनामा संक्रमण देखिएको हो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, कपिलवस्तुमा अब संक्रमित संख्या २१ पुगेको छ। कपिलवस्तुको यशोधरा गाउँपालिका-५ र बुद्धभूमि नगरपालिका-७ का १६ जनामा संक्रमण देखिएको हो। संक्रमण देखिएका सवैको स्वास्थ्य अवस्था सामान्य रहेको मन्त्रालयले जनाएको छ।

सोमबार नै सप्तरीमा पनि एक जनामा संक्रमण भएको पुष्टि भएको छ। डाक्नेश्वरी नगरपालिका वडा नम्बर तीनका १८ वर्षीय युवामा संक्रमण देखिएको हो। यी संक्रमितको स्वास्थ्य अवस्था पनि सामान्य रहेको जनाइएको छ।

यो सँगै नेपालमा संक्रमित संख्या १३४ पुगेको छ। १०१ पुरुष र ३३ महिलामा संक्रमण देखिएको छ। प्रदेश पाँचमा सबैभन्दा बढी ५३ जनामा संक्रमण देखिएको छ। प्रदेश-१ मा ३५, प्रदेश-२ मा ३२, बागमती प्रदेशमा सात, गण्डकीमा २ र सुदूरपश्चिम प्रदेशमा पाँच जनामा संक्रमण देखिएको छ। यस मध्ये सोमबार दुई जना बिरामी निको भएर घर फर्किएका छन्। भोजपुरका २६ वर्षीय पुरुष र झापाका ४८ वर्षीय पुरुष निको भएर घर फर्किएका हुन्। योसँग निको भएर घर फर्किएका बिरामीको संख्या ३३ पुगेको छ।



तुलसीपुरस्थित तुलसीबाल अस्पतालमा नवजात शिशुको कोरोना परीक्षणका लागि स्वाब निकाल्दै चिकित्सक। शुक्रबार सोही अस्पतालमा जुम्ल्याहा शिशु जन्मिएको छ। *तस्वीरः नारायणी रजौरे*

### ■ कपिलवस्तु सिल

सोमबार एकै दिन दश जनामा संक्रमण देखिए पछि कपिलवस्तु सिल गरिएको छ। जेठ ५ गतेसम्म जिल्ला सिल गर्ने निर्णय जिल्ला सुरक्षा समितिको बैठकले गरेको छ। त्यहाँका सांसद अभिषेकप्रसाद साहका अनुसार, सीमा नाकामा मात्रै दुई हजार बढी नेपाली जम्मा भएका छन्। भारतबाट आएकाहरुमै संक्रमण देखिएपछि जिल्ला सिल गरिएको छ।

### ■ सार्वजनिक महत्वको प्रस्ताव

कोरोना महाव्याधिबाट प्रभावित विभिन्न देशमा अफ्ठ्यारामा परेका नेपालीलाई तत्काल सुरक्षित रुपमा स्वदेश फिर्ताको व्यवस्था गर्न प्रतिनिधिसभामा जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेश भएको छ। नेपाली काँग्रेसका सांसद गगनकुमार थापा प्रस्तावक रहेको प्रस्तावको समर्थनमा सांसद डिला सङ्ग्रौला र बाँकी पृष्ठ २ मा

# राजदूतलाई कूटनीतिक नोट

**नेपाली भूमि लिपुलेक अतिक्रमण गरी भारतले चीनसाग जोड्ने सडक बनाएको बारे परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले भारतीय राजदूतलाई कुटनैतिक नोट दिएका छन्।**

१. भारतीय राजदूत क्वात्रालाई मन्त्रालय बोलाएर कुटनीतिक नोट दिदै परराष्ट्रमन्त्री।



२. लिपुलेक अतिक्रमण गरी भारतले सडक बनाएको विरोधमा राजधानीमा निकालिएको प्रदर्शनमा एक प्रदर्शनकारी।



**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ वैशाख।

परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले भारतीय राजदूत विनयमोहन क्वात्रालाई मन्त्रालयमा बोलाएर कुटनीतिक नोट दिएका छन्। मन्त्रालय पुगेका राजदूत क्वात्रालाई मन्त्रालयमा बोलाएर मन्त्री ज्ञवालीले लिपुलेक अतिक्रमणबारे जानकारी समेत लिएका छन्।

त्यहाँ बनाइएको सडकबारे मन्त्री ज्ञवालीले नेपाल सरकारको गम्भीर ध्यानाकर्षण भएको राजदूत क्वात्रालाई जानकारी दिए। सरकारले सुगौली सन्धी, विभिन्न तथ्य र प्रमाणका आधारमा लिपुलेक नेपाली भूमि भएकाले भारतीय कदमको कडा आलोचना गरिसकेको छ।

### "अविलम्ब वार्ता चाहन्छौं"

सरकारले भारतसँग अविलम्ब वार्ता गरेर सीमासम्बन्धी समस्या समाधान गर्न चाहेको पुनः स्पष्ट गरेको छ। भारतसँग जुनसुकै तहमा वार्ता गर्न नेपाल तत्पर रहेको स्पष्ट गर्दै सरकारले भारतका कारण उत्पन्न पछिल्लो समस्या कूटनीतिक माध्यमबाटै निरुपण गर्ने नेपालको चाहना पनि दोहोर्‍याएको छ।

अन्तर्राष्ट्रिय सम्बन्ध समितिको बैठकमा उठेका प्रश्नहरुको जवाफ दिने क्रममा परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले लिपुलेक लगायत द्विपक्षीय सीमा समस्या समाधान गरेपछिमात्र उक्त लेकलाई व्यापार विन्दुका रुपमा उपयोग गर्ने भारत र चीनको निर्णयका सम्बन्धमा चीनसँग बेग्लै वार्ता गर्नु श्रेयस्कर हुने बताए।

कालापानी क्षेत्रको नेपाली भूभागलाई समेटेर भारतले आफ्नो नक्सा प्रकाशन गरेयता नेपाल सरकारले भारतीय पक्षलाई औपचारिक एवं अनौपचारिकरुपमा अनेकौँपटक नेपालको बाँकी पृष्ठ २ मा

# उत्कृष्ट सातमा दिवेश

**काठमाडौं/मस–** विश्व प्रसिद्ध गायन प्रतिभाको खोज रियालिटी शो अमेरिकन आइडलको उपाधि यात्रामा नेपाली मूलका दिवेश पोखरेल अगाडि बढेका छन्। आइडलको १८औं संस्करणको उपाधि यात्रामा अघि बढ्ने क्रममा दिवेश उत्कृष्ट सात भित्र पर्न सफल भएका हुन्।

उत्कृष्ट ११ प्रतिस्पर्धीबीचमा मतका आधारमा आइतबार सर्वाधिक मत ल्याउने उत्कृष्ट सातको छनोट गरिएको हो। अमेरिकाको कन्सास राज्यको विचिटा शहरमा बस्दै आएका २२ वर्षीय दिवेशले अमेरिकन आइडलमा आर्थन गनको नामले प्रतिस्पर्धा गरेका थिए।




दिवेशले उत्कृष्ट सातमा पर्ने क्रममा एनिमेटेड चलचित्र द लिटल मर्मेडको एलान मेनकनको शब्द र होवार्ड एस म्यानको सङ्गीत तथा एस्ले टिसडालेको गायन रहेको किस द गर्ल बोलको गीत गाउनुभएको थियो। दिवेशको अमेरिकन आइडलमा सहभागितासँगै नेपाली समुदायमा पनि आइडलप्रति चासो बढेको छ। अमेरिकाको एबिसी टेलिभिजनबाट अमेरिकन आइडल कार्यक्रम प्रसारण हुँदै आएको छ।

# खाडीबाट नेपाली कामदार जवर्जस्ती पठाउने तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ वैशाख

नेपाल सरकारले आफ्ना नागरिक फिर्ता ल्याउन चासो नदेखाएपछि विदेशी मुलुकहरुले नेपाली कामदार आफैंले नेपाल लयाएर छोड्ने अवस्था उत्पन्न भएको छ। उचित सावधानी र सतर्कता अपनाएर परिस्थितसँग मुकाविला गर्नेभन्दा बहाना बनाई समस्या पन्छाउन रुची देखाउने सरकारलाई विदेशी मुलुकले लिने कठोर कदमले भने सबक सिकाउने देखिएको छ।

नेपालले अप्ठ्यारोमा परेका आफ्ना नागरिकलाई उद्धार गर्न ढिलाइ गरेपछि यूएईले आफ्ना दुई वटा जहाज नेपाली कामदार हरुलाई नेपाल फिर्ता पठाउने भन्दै पत्र नै पठाएको सार्वजनिक भएको छ। संसदको राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिको सोमबारको बैठकमा परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले दुई वटा विमान आउने जानकारीसहित पत्र आएको, तर नेपालमा वैदेशिक रोजगारीबाट फर्किने कामदारको व्यवस्थापनको तयारी नगरी कामदार लिएर भनेको मितिमा विमान अवतरण गर्न दिने अवस्था बनिनसकेको बताए।

परराष्ट्रमन्त्री ज्ञवालीले हालसम्म खाडीका ६ मुलुक तथा मलेसियाजस्ता श्रम गन्तव्य मुलुकहरुबाट सवा ३ लाख र भारतबाट साढे दुई लाख गरी करिब ६ लाख नेपाली स्वदेश फर्किने अवस्था रहेको भन्दै सरकारले वास्तवमै संकटमा परेकालाई मात्र नेपाल ल्याएर व्यवस्थापन गर्ने तयारी गरिरहेको जानकारी दिए। नेपाल आउन चाहने सबैलाई ल्याउन नसकिने उनको भनाइ छ।

भारतले मंगलबारदेखि समस्यामा परेका कामदारलाई गन्तव्यसम्म पुग्न रेल्वे सेवा शुरु गर्न सोमबार दिउँसो ४ बजेबाट अनलाइन टिकट शुरु गरेको छ। रोजगारी गुमाएर अलपत्र परेका नेपालीहरुको ठूलो संख्या सिमानामा आई पुग्ने अनुमान छ।

उता कतारमा कारोना भाइरसका कारण कम्पनी बन्द भएपछि कम्पनीले कामदारलाई रोजगार समाप्ती 'इन्ड अफ सर्भिस'को पत्रमा धमाधम हस्ताक्षर गराउन थालेको कामदारहरुले बताएका छन्। कम्पनी छोड्दा वा कम्पनीले निकाल्दा बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### व्यवसायीका समस्या सम्बोधन गर्न संघको माग

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले अर्थ मन्त्रालय र प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसद्वारा गठित अर्थतन्त्र केन्द्रीय विशेष समितिसँग कोरोना भाइरस (कोभिड-१९) का कारण वैदेशिक रोजगार क्षेत्रमा गम्भीर संकट उत्पन्न भएको भन्दै व्यवसायीका समस्या सम्बोधनका लागि पहल गर्न माग गरेको छ।

कोरोना भाइरसको महामारीले नेपाली कामदारका गन्तव्य मुलुकहरुका अर्थतन्त्रमा शिथिलता आइरहेको बेला संघले आइतबार अर्थ मन्त्रालय र पुर्व अर्थमन्त्री समेत रहेका नेपाली काँग्रेसका नेता डा. रामशरण महतलाई भेट गरी वैदेशिक रोजगार क्षेत्र अहिले नै संकटमा परेको र महामारी अन्त्यको अनुमान गर्न नसकिने अवस्था देखिएको भन्दै व्यवसायीलाई सहुलियत, सुविधा र छुटका लागि पहल गरिदिन आग्रह गरेको संघका अध्यक्ष विष्णुप्रसाद गैरेले जानकारी दिए।

हाल ४१ लाखभन्दा बढी नेपाली वैदेशिक बाँकी पृष्ठ २ मा

### सदनमा सार्वजनिक महत्वको प्रस्ताव

**काठमाडौं/मस–** कोरोना भाइरस (कोभिड-१९)का कारण वैदेशिक रोजगारीका क्रममा संकटमा परेकाहरुलाई सुरक्षित रुपमा स्वदेश फिर्ता गर्न माग गर्दै प्रतिनिधिसभामा जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गराइएको छ।

नेपाली कांग्रेसका सांसद तथा पूर्व मन्त्री गगन थापा लगायतले दर्ता गरेको प्रस्तावको सो पार्टीका साँसदद्वय डिला संग्रौला र प्रकाश रसाइलीले समर्थन गरेका छन्। साँसद संग्रौला नेपाली काँग्रेसले गठन गरेको छाया सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारीमा रहेकी छन्।

संकल्प प्रस्तावमा विदेशी सरकारबाटआममाफी बाँकी पृष्ठ २ मा

# समृद्धिका लागि निर्विकल्प कृषि

**हरि बाँस्तोला/रासस**
पोखरा, २९ वैशाख।

समृद्धि र रोजगारका लागि आगामी आर्थिक वर्षको बजेटमा कृषि क्षेत्रलाई अपरिहार्य आवश्यकताका रुपमा जोड दिनुपर्ने आवश्यकता औंल्याइएको छ।

गण्डकी प्रदेशको अर्थ तथा विकास समितिद्वारा पोखरामा आयोजित 'आगामी वर्षको बजेटमा कृषकमैत्री नीति' विषयक छलफलमा सरोकारवालाले कोरोना भाइरस (कोभिड-१९) ले पर्यटनलगायतका अधिकांश क्षेत्रलाई प्रत्यक्ष रुपमा प्रभावित पारेको अहिलेको अवस्थामा समृद्धि र रोजगारको दोस्रो महत्वपूर्ण विकल्प कृषि भएको जोड दिएका छन्।

"कोरोनाका कारण हुन सक्ने बेरोजगारी र खाद्यान्न सङ्कटको सामना गर्नका लागि आफ्नै माटो, आफ्नै हावापानी, आफ्नै वनजङ्गल र नदीनालामा आधारित कृषि क्रान्ति अहिलेको आवश्यकता हो" सांसदहरुले भने, "कृषि क्रान्ति भन्नेबित्तिकै परम्परागत निर्वाहमुखी कृषि प्रणालीबाट छलाङ मारेर अन्य आवश्यकताको पूर्ति गर्ने आकर्षक नयाँ कृषि प्रणाली बुझ्नुपर्छ।"

कोरोना महामारीका कारण विदेशबाट फर्किएका नेपाली मजदूर तथा स्वदेशमै रहेका मजदूर वर्गलाई कृषिमा लगाउँदै उत्पादनसँग जोड्न सकेमा देशलाई आत्मनिर्भर बनाउन सकिने महत्वपूर्ण अवसरसमेत आएको उनीहरुको तर्क छ।

गण्डकी प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री लेखबहादुर थापामगरले कोरोना भाइरसका कारण सरकारको ध्यान कृषितर्फउन्मुख भएको बताए। "कम लगानीमा बढी उत्पादन गर्नका लागि कृषिमा व्यवसायीकरण एवं आधुनिकीकरण आवश्यकता भएको छ" उनले भने, "सरकारले प्रयाप्त बजेटको व्यवस्था गरेर कृषिलाई समृद्धि र रोजगारसँग जोड्ने खालका कार्यक्रम ल्याउने तयारीमा जुटेको छ।"

मुलुकभित्र प्रचुर सम्भावना भएर पनि बाहिरबाट आयात गर्नुपर्ने लसुन, प्याज, कागतीलगायतका वस्तु उत्पादनमा जोड दिइने बताउँदै उनले गण्डकी प्रदेशमा पाँच प्रकारका कृषक वर्गीकरण गरिनुका साथै कृषि एप पनि सञ्चालनमा आएको जानकारी दिए।

मन्त्री थापामगरले बन्दाबन्दीका कारण चालू आर्थिक वर्षको बजेट ६० प्रतिशतभन्दा बढी खर्च नहुने जानकारी दिदैं प्रदेश सरकारले असिना, हावाहुरी र पानी जस्ता प्राकृतिक प्रकोपबाट कृषि क्षेत्रमा भएको क्षतिका लागि कृषकलाई राहत उपलब्ध गराउन बाँकी पृष्ठ २ मा

सरकारलाई समितिको निर्देशन

# ‘परीक्षण बढाऊ, लकडाउन खुकुलो बनाऊ’

## ■भ्रष्टाचार भएको छैन : सचिव यादव कोइराला

**प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था समितिले सरकारलाई पीसीआर परीक्षण वृद्धि गर्न र लकडाउनलाई खुकुलो पार्न निर्देशन दिएको छ । साथै सोही बैठकमा सांसदहरूको प्रश्नको जवाफ दिँदै सचिव कोइरालाले स्वास्थ्य सामग्री खरिदमा भ्रष्टाचार नभएको दावी गरे ।**

**काठमाडौं/मस-** संसदीय समितिले कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि पीसीआर प्रविधिबाट गरिने परीक्षणलाई वृद्धि गर्न र लकडाउनलाई क्रमश खुकुलो पार्न सरकारलाई निर्देशन दिएको छ । संघीय संसद प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको सोमबारको बैठकले कोरोना भाइरसको नियन्त्रणका लागि पीसीआर प्रविधिबाट गरिने परीक्षणलाई बढाउन सरकारलाई निर्देशन दिएको हो ।



समितिले स्थानीय स्तरमा निर्माण गरिएका क्वारेन्टाइनलाई मापदण्ड अनुसार बनाउनुपर्ने, आइसोलेसन बेडहरु पर्याप्त मात्रामा निर्माण गर्नुपर्ने, किसानहरुलाई मल तथा बीउबिजन उपलब्ध गराउनुपर्ने र उत्पादित वस्तु बजार सम्म पुऱ्याउन सहज बनाउन समेत निर्देशन दिएको छ ।

समितिले विदेशमा अलपत्र परेका कामदार र भारतसँगको सीमावर्ती क्षेत्रमा बसेका मानिसहरुलाई संक्रमण नियन्त्रण सम्बन्धी विश्वव्यापी मापदण्ड अनुसार व्यवस्थित रुपमा घर फर्कने व्यवस्था मिलाउन समेत निर्देशन दिएको छ ।

विदेशमा रहेका नेपालीहरुको समस्या समाधानका लागि प्रधानमन्त्री स्तरबाटै सम्बन्धित देशमा कुरा भइसकेको र कुनै समस्या भए सम्बन्धित देशले नै समाधान गर्ने उपप्रधानमन्त्री एवं कोरोना भाइरस नियन्त्रण तथा रोकथाम उच्चस्तरीय समन्वय समितिका संयोजक ईश्वर पोखरेलले बताए ।

गृहमन्त्री रामबहादुर थापाले भारतीय सीमा पारी करिब २१ सय नेपालीहरु क्वारेन्टाइनमा रहेको जानकारी दिए । स्वास्थ्य मन्त्री भानुभक्त ढकालले सरकारसँग उपलब्ध भएका परीक्षण किटहरुको आधारमा कन्ट्याक ट्रेसिङको मापदण्ड बनाई परीक्षण गरीएको बताए । उनले पछिल्लो केही दिन यता पीसीआर प्रविधिबाट गरीने परीक्षणलाई पनि बढाइएको बताए ।

‘भ्रष्टाचार भएको छैन’

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव यादव कोइरालाले कोरोना परीक्षणका लागि आवश्यक स्वास्थ्य सामग्री खरिदमा भ्रष्टाचार नभएको दाबी गरेका छन् । समितिको सोमबारको बैठकमा सचिव कोइरालाले मन्त्रालयले खरिद प्रक्रियाका सम्पूर्ण प्रक्रिया पूरा गरेको बताए ।

स्वास्थ्य सामग्री खरिदमा अनियमिता भएको र अनियमितामा संलग्नलाई कारवाही नभएको भन्दै समिति सदस्यहरुले प्रश्न गरेपछि सचिव यादवले अनियमितता भएको भए छानविन गर्न पनि चुनौती दिए । यद्यपि उनले ओम्नीसँगको सम्झौता बजारमुल्य भन्दा १४ प्रतिशतले बढी भएको भने स्वीकार गरे ।

सचिव यादवले ओम्नी ग्रुपसँग स्वास्थ्य सामग्री खरिद नगरेको भए भयावह स्थिति श्रृजना हुनेतर्फ पनि गम्भीर बन्न सांसदलाई आग्रह गरे । सांसद देवेन्द्रराज कंडेलले थर्मल गनमा ५ गुणा बढी लिएर बेचेकोमा सुलभ अग्रवाललाई कारवाही गर्ने सरकारले ५० गुना बढी लिएर स्वास्थ्य सामाग्री बेच्नेलाई किन कारवाही नभएको भनी प्रश्न गरेका थिए । ओम्नीसँगको खरिद सम्झौता रद्द गरेपनि सो सम्झौताबारे अहिलेसम्म सरकारको तर्फबाट औपचारिक जानकारी आएको थिएन ।

# माइतीघरबाट लिपुलेक अभियन्ताहरु पक्राउ

**लक्ष्मण पोखरेल/मध्यान्ह**
काठमाडौं, २९ बैशाख

भारतले जवर्जस्ती रुपमा नेपाली भूमि लिपुलेक हुँदै सडक निर्माण गरेको विरोधमा माइतीघरमा प्रदर्शन गर्न आएका केही व्यक्तिहरुलाई पक्राउ गरेको छ । राष्ट्रिय प्रतिरोधात्मक संघर्ष समिति, लिपुलेक बचाउ अभियानका कार्यकर्ताहरुलाई प्रहरीले सोमबार दिउँसो पक्राउ गरेको हो ।

उनीहरु ब्यानरसहित माइतीघर आएर विरोध प्रदर्शन गर्न लाग्दा प्रहरीले पक्राउ गरेको थियो । पक्राउ पर्नेहरुमा उक्त अभियानका विमल अधिकारी, मंगल थापा, स्वागत नेपाल, शिखरजंग रायमाझी, सागर खड्का, सिर्जना वाग्ले लगायत छन् ।

प्रदर्शनमा उत्रिएका युवा-विद्यार्थीले सोमबार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीको पुत्ला दहन गरेका छन् । युवा सीमा बचाउ अभियान अन्तर्गतका युवा-विद्यार्थीले सोमबार प्रदर्शनको क्रममा बबरमहलमा मोदी र ओलीको पुत्ला दहन गरेका हुन् ।

लिपुलेक-कालापानी क्षेत्रको नेपाली भूभागसमेत पर्ने गरी भारतले धार्चुला हुँदै मानसरोवर जाने बाटो उद्घाटन गरेपछि युवा-विद्यार्थी आन्दोलनमा छन् । उनीहरुले गएको शनिबारदेखि प्रदर्शन गर्दै आएका छन् ।

सोही क्रममा सोमबार उनीहरुले मोदी र ओलीको पुत्ला जलाएका हुन् । आइतबार संसद भवन अगाडि प्रदर्शन गरेका उनीहरुले शनिबार माइतीघरमा जुलुश निकालेका थिए ।

# ८ यात्रुसहित गाडी नियन्त्रणमा

**सन्तोष पौडेल/मध्यान्ह**
खोटाङ, २९ बैशाख



विराटनगरबाट खोटाङको दिप्रुङ चुइचुम्मा गाउँपालिका आएका ८ जनासहित पालिकाले गाडी नियन्त्रणमा लिएको छ । को १ च ९८०३ नम्बरको गाडीले विराटनगरबाट ८ जना यात्रु लिएर गाउँपालिका प्रवेश गरेको सूचना आएपछि गाउँपालिकाको सहयोगमा प्रहरी चौकी याङ्सोलाटारले आइतबार ८ जना यात्रुसहित गाडी नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय मोरङले गाडीलाई पास दिएको र गाडीवालाले भाडामा मानिस ल्याएको गाउँपालिकाले जनाएको छ । रिजर्भमा आएका यात्रु कुनैपनि विरामी समेत नभएकोले किन आए भन्ने शंका उत्पन्न भएपछि गाडीसहित ८ जनालाई गाउँपालिकाले नियन्त्रणमा लिएको गाउँपालिका अध्यक्ष भुपेन्द्र राईले बताए ।

निजी गाडिमा आएका सवारी चालकसहित आठै जनालाई नियन्त्रणमा लिएर क्वारेन्टाइनमा राखिएको गाउँपालिकाले जनाएको छ । उनीहरु सबैलाई २१ दिनसम्म याम्खास्थित स्वास्थ्य चौकीमा निर्माण गरिएको क्वारेन्टीनमा राखिने गाउँपालिका अध्यक्ष राइले बताए । गाडीमा आएका सबै यात्रुहरु दिप्रुङ चुइचुम्मा गाउँपालिकाका स्थानीय बासिन्दा हुन् ।

### बढ्यो ...

प्रकाश रसाइली (स्नेही) छन् । महामारीका कारण रोजगारी गुमेका, रोजगारदाताले फिर्ता पठाएका, आवासबाट निकालिएका, पाउनु पर्ने भुक्तानी नपाएर बेखर्ची भएका, सङ्क्रमणको उच्च जोखिममा रहेका श्रमिक, अध्ययन, भ्रमण, पेशा व्यवसाय र विभिन्न कामको सिलसिलामा विदेशमा रहेका र महामारीका कारण अलपत्र परेका नागरिकलाई तत्काल उद्धार, राहत तथा स्वदेश फिर्ताको व्यवस्था गर्न ढिला भइसकेको प्रस्तावमा उल्लेख छ ।

सर्वोच्च अदालतले अलपत्र नेपालीलाई स्वदेश फर्काउन आदेश दिइसकेको, संसदीय समितिहरूले ध्यानाकर्षण र निर्देशन गरेको, गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)लगायत सरोकारवाला निकायले निरन्तर खबरदारी गरिरहेको सन्दर्भमा विदेशमा अलपत्र परेका, स्वदेश फर्कन चाहेका नागरिकलाई स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गरी नेपालमा ल्याउन, मापदण्डबमोजिम स्वास्थ्य परीक्षण र क्वारेन्टाइनमा राख्ने व्यवस्था गर्न र सुरक्षित रुपमा घर फिर्ताको वातावरण बनाउनका लागि सरकारले तदारुकताका साथ काम गरेको नदेखिएकाले छलफलका लागि प्रस्ताव पेश गर्नु परेको उल्लेख छ ।

### राजदूतलाई ...

धारणा प्रष्ट गरेको र वार्ताका निम्ति आह्वान गरेको जानकारी दिँदै उनले कोरोना महामारी साम्य भएपछि वार्ता गर्न सकिने भारतको अभिव्यक्ति सकारात्मक भए पनि त्यसअगावै दुवै पक्षबीच शीघ्र वार्ता हुनुपर्नेमा जोड दिए ।

मुलुकको राष्ट्रिय हितमा अविचलित भएर समस्या समाधानमा लाग्ने नेपाल सरकारको प्रतिबद्धता दोहोऱ्याउँदै परराष्ट्रमन्त्री ज्ञवालीले भारतसँगका सीमासम्बन्धी मुद्दा हल गर्न दृढ निश्चयका साथ गम्भीर भएर निरन्तर लागिरहेको बताए ।

### संकल्प प्रस्ताव दर्ता

नेपाली काँग्रेसले कालापानी क्षेत्रको सीमा विवाद लामो समयदेखि दुवै देशबीच वार्ताको क्रममा रहेको र दुवै देशले त्यस क्षेत्रलाई विवादित मानेर वार्तामा रहेकै अवस्थामा भारतले सो स्थानमा एकतर्फी रुपमा सडक निर्माण गरेको घटनाका सम्बन्धमा संसद्मा सङ्कल्प प्रस्ताव दर्ता गरेको छ । सो भूभागका सम्बन्धमा भारतले एकतर्फी रुपमा आफ्नो राजनीतिक नक्सा प्रकाशित गरी उक्त कालापानीलगायत लिपुलेक र लिम्पियाधुरासमेत नेपाली भूभाग आफ्नोतर्फ गाभेको तथा हालै नेपालको कालापानी क्षेत्रको गुंजी हुँदै चीनको मानसरोवर जाने लिफु भन्ज्याङ्गसम्मको सडक निर्माण गरी उद्घाटनसमेत गरेको घटनाबाट यो विषय थप गम्भीर र सम्वेदनशील बनेको काँग्रेसले जनाएको छ ।

गत कात्तिक २३ गते प्रधानमन्त्रीको सरकारी निवासमा सम्पन्न सर्वदलीय सर्वपक्षीय सर्वसम्मत निर्णय र निर्देशनअनुसार थप गम्भीरतापूर्वक अविलम्ब पहल गर्न, कात्तिक २६ मा राज्य व्यवस्था तथा सुशासन समितिले गरेको सर्वसम्मत निर्णय र निर्देशन अनुरुप, नेपालको नक्शा प्रकाशन गर्ने समेतका लागि उक्त सूचना दिइएको हो ।

काँग्रेस सांसदहरु दिलेन्द्रप्रसाद बडू, मिनबहादुर विश्वकर्मा, रामबहादुर विष्ट र प्रकाश रसाइली (स्नेही) ले आज दर्ता गराउनुभएको प्रस्तावमा उपरोक्त विषयमा सरकार उदासीन रहेको देखिएको भन्दै तत्काल चीन सरकार र भारत सरकारसँग उक्त सम्झौता रद्द गर्न अविलम्ब कूटनीतिक पहल गर्दै निर्णायक वार्ता गर्नुपर्ने आवश्यकता उल्लेख गरिएको छ ।

परराष्ट्र मन्त्रालयसँग सम्बन्धित प्रस्तावमा प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदन सार्वजनिक गर्ने गराउने कार्यसमेतका लागि नेपाल सरकारलाई निर्देशन गर्न सङ्कल्प पेश गर्ने अनुमतिका लागि सूचना दिइएको उल्लेख छ ।

### खाडीबाट...

कतारमा कम्पनीले ‘इन्ड अफ सर्भिस’ पत्रमा कामदारलाई हस्ताक्षर गराउने गरिएको छ ।

कतिपय कम्पनीले मे महिनाको तलव अग्रिम दिने बताएर उक्त पत्रमा हस्ताक्षर गराउन शुरु गरेको समेत बताइएको छ । कम्पनीबाट बिदा हुने कामदार भने आफु स्वदेश नउड्दासम्म हालकै आवासमा बस्न पाउने छन् । हाल कतारमा साढे तीन लाख नेपालीहरु कार्यरत रहेका छन् । कतार सरकारले करार अवधि नसकिएसम्म कामदारलाई कामबाट नहटाउने बताइएकाबेला पछिल्लो निर्णयले धेरै नेपाली कामदारले रोजगारी गुमाई प्रभावित हुने चिन्ता बढाएको छ ।

### व्यवसायीका...

रोजगारीमा रहेकामध्ये खाडीसहित प्रमुख गन्तव्य मुलुकमा २१ लाख कामदार रहेको सरकारी भनाइ छ । संघले कोरोना महामारीका कारण उत्पन्न आर्थिक मन्दीका कारण वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारमध्ये २५ देखि ३० प्रतिशतले रोजगारी गुमाउने आँकलन गरेको छ । नेपालले कोरोना महामारी शुरु भएपछि गत फागुन २९ गतेपछि वैदेशिक रोजगारीमा जाने कामदार हरुको श्रम स्वीकृति रोकेको छ ।

अर्थतन्त्रमा संकट आएपछि नेपालका प्रमुख श्रम गन्तव्य मुलुकहरुका रोजगारदाताले कामदारलाई कम तलव दिएर काममा लगाउने, कामबाट निकालिदिने र अन्य सुविधा कटौती गर्ने अधिकार रोजगारदातालाई दिएकोले यसले धेरै नेपाली कामदारले कम तलवमा काम गर्नुपर्ने जोखिम बढेको संघको भनाइ छ ।

संघले कोरोनाका कारण उत्पन्न भएको प्रतिकुल अवस्थामा व्यवसायीले ईजाजतपत्रका लागि राखेको नगद न्यूनतम ५० लाख रुपैयाँ धरौटी एक वर्षका लागि फिर्ता गरिदिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसमक्ष माग राखेको स्मरण गराउँदै नेपाली काँग्रेसको समितिलाई पनि सोही अनुसार नगद धरौटी फिर्ताको लागि तत्काल पहल गरिदिन लिखित आग्रह गरेको छ ।

त्यसैगरी संघले वार्षिक सय जना कामदार वैदेशिक रोजगारीमा नपठाए म्यानपावर कम्पनीको ईजातपत्र नवीकरण नहुने वैदेशिक रोजगार ऐन र नियमावलीको प्रावधानले संकटको अहिले अवस्थामा व्यवसायीहरुलाई थप समस्यमा पारेको भन्दै सहजीकरण गरिदिन समेत माग गरेको छ ।

संघले यसअघि व्यवसायीले तिर्ने घरबहाल कर, आयकर, व्यवसाय कर लगायतका राजस्वमा छुट दिने व्यवस्था गर्न श्रम मन्त्रालयलाई आग्रह गरेको थियो । व्यवसायीले दिएको ऋणको व्याजमा छुट वा अनुदान दिने, बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएका व्यवसायीले चैत मसान्तसम्म तिर्न नसकेको व्याजलाई साँवामा पुँजिकृत गर्ने र असार मसान्तसम्ममा तिर्दा हर्जना नलिने व्यवस्था गर्न संघले माग गरेको थियो । त्यस्तै भाखा नाघेका ऋण तिर्ने अवधि एक वर्ष थप गरी ऋण नवीकरण गर्ने व्यवस्थाको लागि पहल गरिदिन संघले समितिको ध्यानाकर्षण गरेको छ ।

संघ अध्यक्ष गैरेको नेतृत्वमा गएको संघको टोलीमा पुर्व अध्यक्ष तिलक बहादुर रानाभाट, बिमल ढकाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एशोशिएसनका अध्यक्ष नरेन्द्रप्रसाद ढकाल, पूर्व अध्यक्ष किरण किशोर घिमिरे, संघका तृतीय उपाध्यक्ष किशोर केसी, महासचिव सुजित कुमार श्रेष्ठ, सचिव मेघनाथ भुर्तेल, एशोशिएसनका वरिष्ठ उपाध्यक्ष तारानाथ अर्याल, सचिव कमल काफ्ले लगायत व्यवसायीको प्रतिनिधित्व रहेको थियो ।

### सदनमा ...

दिइएका, कम्पनी टुटेका वा अन्य कारणले रोजगारी गुमाएका र गर्भवती तथा अन्य विभिन्न कारण उच्च जोमिखमा रहेकाहरुलाई तत्काल उद्धार गरिनुपर्ने उल्लेख छ ।

कम जोखिममा रहेका नेपालीहरुलाई चरणवद्ध रुपमा उद्धार गर्नुपर्ने उल्लेख गर्दै प्रस्तावमा लकडाउनका कारण रोजगारी गुमाएकाहरुलाई गन्तव्य मुलुकमै व्यवस्थापनको उच्चतम प्रयास गरिनुपर्ने उल्लेख छ ।

अध्ययन, भ्रमण तथा पारिवारिक भेटघाटका लागि गएका तर लकडाउनका कारण स्वदेश फर्किन नपाएकाहरु कम जोखिममा रहेको भन्दै संकल्प प्रस्तावमा उनीहरुलाई आफ्नै खर्चमा फर्किन दिई स्वास्थ्य मापदण्ड पूरा गराएर फर्काउनुपर्ने उल्लेख छ ।

संकल्प प्रस्तावमा निश्चित नाका खुला गरेर भारतीय सीमामा अलपत्र परेका नेपालीहरुलाई स्वदेश ल्याई क्वारेन्टाइनमा राखेर घर पठाउने व्यवस्था गर्नुपर्ने उल्लेख छ । यसअघि भारतले गत शुक्रवारबाट खाडीका विभिन्न मुलुकमा वैदेशिक रोजगारीमा रहेका आफ्ना नागरिक फिर्ता लिन शुरु गरेको थियो । शुक्रवारबाट शुरु गरिएको ‘बन्दे भारत’ कार्यक्रम अनुसार भारतले यूएई, कुवेत, कतार, माल्दिभ्स, साउदी अरब, ओमान र बहराइनबाट आफ्ना कामदार फिर्ता ल्याइरहेको छ ।

भारतले पनि पहिलो चरणमा गर्भवती महिला र रोजगारी गुमाएका युवा युवतीहरुलाई स्वदेश फर्काएको छ भने उनीहरुमध्ये अधिकांशले आफ्नो हवाईभाडा आफैंले व्यहोरेको बताइएको छ । उनीहरु सबैलाई १४ क्वारेन्टाइनमा राखिएको छ । पछिल्ला दिनमा भारतमा कोरोना भाइरसको संक्रमण तीव्र रुपमा फैलिरहेको छ ।

### समृद्धिका....

रु एक करोड विनियोजन गरिएको बताए । प्रदेशसभा सदस्य इन्द्रलाल सापकोटाले रोजगार बढाउने, आयात प्रतिस्थापन गर्ने कृषि नै भएकाले यसतर्फ बजेट निर्माणमा ध्यान दिनुपर्ने सुझाव दिए ।

साना किसानलाई सहयोग एवं ठूला फार्मलाई टिकाउने योजना ल्याउनुपर्नेमा जोड दिँदै उनले किसानलाई ब्याज नलिने र सर्वसुलभ तरिकाले ऋण प्रवाह गरेर यस क्षेत्रमा कृषकको आकर्षण बढाउनुपर्ने धारणा राखे ।

# साउदीमा तीन गुणा भ्याट वृद्धि

**काठमाडौं/मस-** साउदी अरबले कोरोना भाइरसले थला परेको अर्थतन्त्रलाई उकास्न आफ्नो आर्थिक नीतिमा कठोर परिवर्तन गरेको छ । सरकारी कर्मचारीहरुको भत्ता कटौती गर्दै ५ प्रतिशतमा रहेको भ्याटलाई तीन गुणा बढाएर १५ प्रतिशत बनाएको छ ।

भ्याटको प्रतिशत वृद्धिलाई अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले ‘दर्दनाक’ भनेका छन् । साउदी अर्थमन्त्री मोहम्मद अल जडानले कच्चा तेलको मुल्यमा आएको भारी गिरावटका कारण उक्त कदम चाल्नु परेको बताएका छन् । घरेलु प्रयोगमा रहेको ग्यासमा गरिएको मुल्य वृद्धि र भ्याट वृद्धिबाट प्रभावित १५ लाख सरकारी कर्मचारीलाई मासिक एक हजार रियाल प्रदान गरिने भएको छ । कोरोना भाइरसका कारण नियमित राजस्वका अन्य श्रोतहरु संकुचित भएको र स्वास्थ्य उपचारमा व्यापक लगानी भएका कारण अर्थतन्त्र दवाबमा रहेको भन्दै अर्थमन्त्री जडानले भविश्यमा खर्च कटौतीका धैरै उपायहरु अपनाउनुपर्ने बाध्यता आउन सक्ने बताएका छन् । साउदी अर्थतन्त्रमा परेको यो दवाबले त्यहाँ कार्यरत लाखौं नेपाली कामदारको भविश्यपनि जोखिममा परेको ठानिएको छ । साउदी सरकारले कोरोना भाइरस संक्रमणका कारण अर्थतन्त्रमा परेको प्रभावले सार्वजनिक क्षेत्रको रोजगारी र निर्माण क्षेत्रमा पार्ने प्रभावबारे अध्ययन गरी प्रतिवेदन पेश गर्न एक समिति पनि गठन गरेको छ । साउदी नागरिकहरुले सरकारले लिने निर्णयहरुमा आफ्नो पूर्ण समर्थन रहने जनाएका छन् ।


**बढैयाताल गाँउपालिका**
**गाँउकार्यपालिकाको कार्यालय**
**मैनापोखर, बर्दिया**
**५नं.प्रदेश**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटम प्रकाशित मिति २०७७/०१/३०**

यस कार्यालय कार्यालयबाट २०७६/१०/२९ गते नागरिक दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको निम्न सूचना कार्य विवरण संग सम्बन्धित निर्माण कार्यको लागि रितपुर्वक पेश हुन आएका बोलपत्रहरुको प्राबिधिक प्रस्ताव सफल भएका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव खोली मुल्याङ्कन समितिले मुल्याङ्कन गर्दा निम्न बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही भएको पाइएको हुदा सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को दफा ३१ (ङ) को उपनियम (७) बमोजिम छनौंट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थको लागि ७(सात) दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातहरुलाई समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| क्र.सं. | ठेक्का नं./कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | BTRM/NCB/WORKS/C/10/076/077 Construction of asphalt Road between 2no.Ward office Gabisa Chowk to Ward no. 1 Shantipur Bishal Chowk | Mahadev Khimti-Anjana-Yadav JV Gulariya-9,Bardiya | ६,२१,३२,४३२/०२ | |

**प्रमुख प्रशासकीय अधिकृत**
**बढैयाताल गाँउपालिका**



**उदयपुरगढी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
उदयपुरगढी, उदयपुर
प्रदेश नं.१ , नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०७७/०१/३०**

यस कार्यालयबाट मिति १३/१०/२०७६ गते राष्ट्रिय दैनिक पत्रिकामा (मध्यान्ह) प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मुल्यांकन हुँदा निम्न बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रवाहग्राही भएकोले सार्बजनिक खरिद ऐन, २०६४ को दफा २७ को उपदफा २ बमोजिम र सोहीदफाको उपदफा ३ को प्रयोजनार्थ बोलपत्र स्वीकृतको लागि छनौट गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ. कर बाहेक) |
|---|---|---|---|---|
| 1 | 06/EGP/NCB/URM/2076/77 | Constructioin of Udayapurgadhi Rural Municipality Official Quarter House | Prince Construction and Suppliers | 7,655,971.99 |

**प्रमुख प्रशासकिय अधिकृत**

# सविता दम्पत्तीको सहयोग जारी



**काठमाडौं, मस–** एसियाली खेलकुदको तेक्वान्दोका रजत विजेता सविता राजभण्डारी र उनका पति किशोर श्रेष्ठले कोरोना भाइरस (कोभिड १९) का कारण मारमा परेका कमजोर आर्थिक अवस्थाका खेलाडीका परिवारलाई राहत स्वरुप खाद्य सामाग्री सहयोग जारी राखेका छन् ।

राष्ट्रिय खेलकुद परिषद्का सदस्य -सचिव रमेशकुमार सिलवालले नेपालक्योकुसिन सेइसिनकाइकान कराते संघ (डब्लुकेकेओ नेपाल) का अध्यक्ष अशोककुमार श्रेष्ठलाई समस्यामा परेका खेलाडी परिवारको पहिचान गरी वितरण गर्न १ सय ५० परिवारका लागि राहत हस्तान्तरण गरे । उपत्यका र आसपासका जिल्लाका क्योकुसिन कराते खेलाडीलाई चामल, तेल, नुन, गेडागुडी, मसेउरा, सोयाबिन र साबुनप्रदान गरिएको संघकी उपाध्यक्ष हेमा मानन्धरले जानकारी गराइन् ।

सविता र किशोरकै सहयोगमा यसअघि काठमाडौं महानगरपालिका वडा ११ का दैनिक ज्यालादारी गरी गुजारा चलाउने मजदुर लगायतका प्रभावित २ सय परिवारलाई राहत वितरण गरिएको थियो । त्यसबेला पनि सदस्य-सचिव सिलवालले वडाअध्यक्ष हीरालाल तण्डुकारलाई राहत हस्तान्तरण गरेका थिए । सविता सन् १९९८ को बैंकक एसियाडकी रजत विजेता खेलाडी हुन् । किशोरले पनि सोही एसियाडमा कांस्य पदक जितेका थिए । उनीहरु लामो समयदेखि अमेरिकाको सियाटलमा बस्दै आएका छन् ।

# इरानी युद्धपोतद्वारा क्षेप्यास्त्र प्रहार, १९ जनाको मृत्यु

**दुबई, एजेन्सी–**तालिमका क्रममा एउटा इरानी युद्धपोतबाट प्रहार गरिएको क्षेप्यास्त्र भूलबस अर्को युद्धपोतमा ठक्कर खाँदा कम्तीमा १९ सैनिकको ज्यान गएको छ । गल्फ अफ ओमान अर्थात् ओमानी जलक्षेत्रमा भएको यस दुर्घटनामा अरु १५ जना घाइते भएको इरानी संचार माध्यमहरूले जनाएका छन् ।

खाडी क्षेत्रका मुलुकबाट तेल निर्यातका लागि निकै संवेदनशील सामुद्रिक मार्गका रूपमा रहेको ओमानी जलक्षेत्र हुँदै जहाजहरू स्ट्रेट अफ हर्मुजतर्फ ओहोरदोहोर गर्दछन् ।

स्ट्रेट अफ हर्मुज र ओमानी



जलक्षेत्रमा इरानले नियमित रूपमा सैन्य अभ्यास गर्ने गरेको छ । इरानी टेलिभिजन आइरिबले एउटा जहाजबाट प्रहार गरिएको क्षेप्यास्त्र नजिकै रहेको अर्को जहाजमा खसेको जनाएको छ ।

फार्स समाचार एजेन्सीले एक सैनिक स्रोतलाई उद्धृत गर्दै इरानी संचार माध्यममा प्रसारण भएझैं कोनाराक नामको लडाकू युद्धपोत समुद्रमा नडुबेको जनाएको छ । इरानी जलसेनाले उक्त दुर्घटनाको अनुसन्धान भइरहेको जनाएको छ ।

आइरिबले नेदरल्यान्डमा निर्मित कोनाराक युद्धपोत सन् १९७९ को इस्लामिक क्रान्तिअघि इरानले खरिद गरेको थियो । यो जहाजलाई सन् २०१८ मा मर्मत गरी यसमा चारवटा क्रुज क्षेप्यास्त्र जडान गरिएको छ ।

यो दुर्घटना इरान र संयुक्तराज्य अमेरिकाबीच जारी तनाबकै बीचमा भएको छ । सन् २०१८ देखि नै दुबै मुलुकबीच तनाबकै स्थिति रहे पनि गत जनवरीको शुरुमा वरिष्ट इरानी सैनिक जनरल कासिम सुलेमानीको अमेरिकी कारबाहीमा इराकमा मारिए पछि तनाब अझ बढेको छ ।

# पूर्व राष्ट्रिय खेलाडी श्रेष्ठलाई कोरोना संक्रमण



**दुबई, एजेन्सी-**नेपाली राष्ट्रिय फुटबल टिमका पूर्व खेलाडी रञ्जित श्रेष्ठले आफूलाई कोरोना संक्रमण भएको बताएका छन् । वैदेशीक रोजगारीका लागि हाल दुबईमा रहेका रञ्जितले आफ्नो फेसबुकमा भिडियो राखेर कोरोना संक्रमण भएको बताएका हुन् । उनले पछिल्लो केहि समयदेखि आफू सेल्फ आइसोलेसनमा रहेको पनि उल्लेख गरेका छन् ।

पूर्व मिडफिल्डर रञ्जितले भिडियोमा आफू स्वस्थ रहेको र कसैलाई नआत्तिन पनि भनेका छन् । यसका साथै उनले समयमा खाने गरेको र घरभित्रै बसेको बताए । उनले आफ्ना साथीहरुलाई आराम रहन र अर्को नतिजा के आउछ, त्यसबारेमा जानकारी दिने पनि बताए ।

एन्फा एकेडेमीका तेस्रो ब्याचका खेलाडी श्रेष्ठले सन् २००९ मा बंगलादेशमा भएको साफ च्याम्पियनसिपमा नेपालबाट खेलेका थिए । त्यो बेला टिममा रहेका सागर थापा, सन्दिप राई, अनिल गुरुङ, भरत खवास, विराज महर्जनका उनका समकक्षी हुन ।

एनआरटी र फ्रेन्ड्स क्लवबाट ब्यवसायीक फुटबल खेलेका रञ्जित केहि समयदेखि भने दुबईमा बस्दै आएका छन् । त्यो भन्दा अगाडी उनी रोजगारीकै सिलसिलामा दक्षिण कोरीया पनि पुगेका थिए ।

# फुटबलर थापाद्वारा विदेशी खेलाडीलाई राहत



**काठमाडौं, मस–** पूर्व राष्ट्रिय फुटबल खेलाडी सुन्दर थापाले लगातारको लकडाउनका कारण नेपालमै अड्किएका विदेशी फुटबल खेलाडीलाई खाद्यान्न सहयोग गरेका छन् ।

वेस्ट काठमाडौं फुटबल क्लबका अध्यक्ष तथा अखिल नेपाल फुटबल संघ (एन्फा) को फुटसल कमिटीका उपसंयोजक थापाले सोमबार काठमाडौंको नयाँबजारमा रहेका विदेशी खेलाडीलाई खाद्यान्न सहयोग गरेका हुन् । नेपालमा बसेर विभिन्न क्लबबाट सहिद स्मारक ए डिभिजन लिगलगायत विभिन्न प्रतियोगिता खेल्दै आएका करिब १० जना विदेशी खेलाडीलाई थापाले खाद्यान्न सहयोग गरेका हुन् ।

उनले चामल, दाल, नुन, तेल, बिस्कुटसँगै विभिन्न तरकारी सहयोग गरेका थिए । थापाले नेपालमा बसेर फुटबल खेलिरहेका अन्य विदेशी खेलाडीलाई पनि रुपमा सहयोग गरिरहने जानकारी दिए ।

कोरोना भाइरसको सन्त्रास र लकडाउनका कारण समस्यामा परेका खेलाडीलाई सहयोग गरेकोमा विदेशी खेलाडी एरिक बोल्वेले थापालाई धन्यवाद दिएका थिए ।

नेपाली फुटबलमा लामो समय बिताएका थापाले लकडाउन सुरु भएसँगै विभिन्न स्थानमा राहत वितरण गरेका थिए ।


Government of Nepal
**Police Head Quarters**
## Central Investigation Bureau
Maharajgung, Kathmandu

**Re- Invitation for Sealed Quotation**

**Invitation for Sealed Quotation for the supply and delivery of Laptop Computer and 24 Port switch**
Sealed Quotation No: NCB/**CIB/SQ/2076/077/ 02**
***Date of first Publication : 2077/01/30***

1. The **Police Headquarter, Central Investigation Bureau** invites sealed quotations from registered Suppliers for the supply and delivery of Laptop Computer and 24 Port switch.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Police Headquarter, Central Investigation Bureau, Maharajgung, Kathmandu. Ph. No 014411776., cib@nepalpolice.gov.np** *or may visit PPMO website www.bolpatra.gov.np.*
3. A complete set of Bidding Documents may be purchased from the office **Police Headquarter, Central Investigation Bureau, Maharajgung, Kathmandu.** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till 2077/02/13 during office hours.
4. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.
***Name of the Bank: Rastriya Banijya Bank, Thamel, Kathmandu***
***Name of Office:* Central Investigation Bureau**
***Office Code no. :31-40-43-504*** ***Office Account no.: 1-1-001***
***Rajaswa (revenue) Shirshak no. : 14229***
and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
5. Sealed bids must be submitted to the office **Police Headquarter, Central Investigation Bureau, Maharajgung, Kathmandu.** by hand on or before 2077/02/13 12:00 PM Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend 2077/02/13 14:00 at the office of **Police Headquarter, Central Investigation Bureau, Maharajgung, Kathmandu.**. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Rs 37,530/-, which shall be valid for 30 days beyond the validity period of the bid 2077/03/11.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.


# काबुलमा चारवटा बम विस्फोट




**काबुल, एजेन्सी-**अफगानिस्तानको राजधानी काबुलको ताहिया मास्कान क्षेत्रमा सोमबार बिहान चारवटा बम विस्फोट भएको सुरक्षा अधिकारीहरूले बताएका छन् ।

सुरक्षा स्रोतले उक्त विस्फोटका कारण जनधनको क्षति भएको बारेमा जानकारी प्राप्त नभएको बताएको छ । राष्ट्रिय सुरक्षा महानिर्देशनालय (एनडिएस) र सरकारी सवारी साधनहरूलाई लक्षित गरी उक्त विस्फोट गराइएको प्रहरीले जनाएको छ ।

आइतबार राति पनि काबुल नजिकका काहाराही कम्बारी र हूटखिलमा पनि तीन वटा विस्फोट गराइएका थिए । गएरातिदेखि काबुल शहरलाई लक्षित गरी सात वटा विस्फोटका घटना भइसकेका छन् । अफगानिस्तानको मुख्य विद्रोही तालिबान समूह समेतका कुनै पनि समूहले ती विस्फोटहरूको जिम्मेवारी लिएका छैनन् ।

# भारतीय नर्सको टोली युएई प्रस्थान



**दुबई, एजेन्सी-**कोरोनाभाइरसको महामारीसँग जुध्न सघन उपचार कक्षमा कार्य गर्ने गरी ८८ जना भारतीय नर्सहरूको पहिलो समूह युनाइटेड अरब इमिरेट्स (युएई) आइपुगेका छन् । उनीहरूलाई एस्टर डिएम हेल्थकेएर नामको कम्पनीले युएई लगेको हो ।

यी नर्सहरू भारतीय कन्सुलेट र युएईको विदेश तथा अन्तर्राष्ट्रिय सहयोग मन्त्रालयको समन्वयमा युएई आइपुगेका हुन् । भारतमा एस्टर अस्पतालमा क्रिटिकल केएर विषयमा तालिमप्राप्त ती नर्सहरूलाई दुबईस्थित कोरोनाभाइरस उपचार केन्द्रहरूमा खटाइने छ ।

एस्टर डिएम हेल्थकेएरका संस्थापक अध्यक्ष डा आजाद मूपेनले नर्सहरूको परिचालनले दुबै मुलुकबीचको गहिरो र विश्वासिलो सम्बन्धलाई अझ प्रगाढ बनाउन मद्दत गरेको बताए । दुबई सरकारले दुबई वर्ल्ड ट्रेड सेन्टरमा सामान्य किसिमका बिरामीको उपचार गर्न तीन हजार शैयाको फिल्ड अस्पताल निर्माण गरेको छ । दुबई स्वास्थ्य प्राधिकरणका महानिर्देशक हुमेद अल कुतामीले कोरोनाभाइरससँग जुध्न दुबई सरकारले पर्याप्त तयारी गरेको बताए ।

# पूर्वप्रधानमन्त्री डा.मनमोहन सिंह अस्पताल भर्ना

**नयाँ दिल्ली, जेन्सी–** भारतका पूर्वप्रधानमन्त्री डा.मनमोहन सिंह अस्पताल भर्ना भएका छन् । स्वास्थ्यमा असहजता महसुस भएपछि उनलाई आइतबार राति नै भारतको राजधानी नयाँ दिल्लीस्थित अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस् ऐम्समा भर्ना गरिएको बताइएको छ ।

अस्पताल भर्ना भएको उक्त अस्पतालले पुष्टि गरेको छ । सो समाचारको भारतीय काँग्रेसले पनि पुष्टि गरेको छ । छाती दुखेर असहज महसुश भएपछि उनलाई भर्ना गरिएको अस्पतालले प्रकाशन गरेको विज्ञप्तिमा जानकारी दिइएको छ ।


## Belaka Municipality
Office of Municipal Executive, Rampur Udayapur
Province No 1

## Invitation for Bids

First Date of Publication: 2077/01/28 (11th May, 2020)

1. Belaka Municipality, Rampur Udayapur invites sealed bids from eligible bidders for following works under National Competitive Bidding Procedures.

| S.N. | Contract Identification Number | Description and Location of work | Estimated Amount Without VAT (NRs.) | Bid Security Amount (NRs.) Valid up to | Fee for Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 35/BELAKA/ UDA/2076-77 | Construction of Covered Hall (Belaka 9, Bhachuwa) | 33,38,983.00 | 85,000.00 (8th October, 2020) | 3000.00 |

2. Purchase, Submission and Opening of Bid:

| Purchase of Bid | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time |
| 2077/ 02/27 (9th Jun, 2020) | Office Hours | 2077/ 02/28 (10th Jun, 2020) | 12:00 Hours | 2077/ 02/28 (10th Jun, 2020) | 13:00 Hours |

Bidders may obtain further information from Belaka Municipality Office, Rampur Udayapur, Contact 035430113. A complete set of bidding documents may be purchased by the interested bidders upon submission of a written application, copies of registration firm, Tax clearance certificate of F/Y 2075/76 to the Belaka Municipality Office and upon payment of a Bid document fee. The bidder shall be required to deposit the cost of bidding document, in Sanchit Kosh Account, and bid security amount in Dharauti Account (as specified in the table below).

3. Bank Account Details:

| Account Name | Bank Name | Bank Address | Account Number | Heading |
|---|---|---|---|---|
| Belaka Municipality Rampur Udayapur | Kumari Bank | Rampur, Udayapur. | 0770040274200001 | Sanchit Kosh |
| | | | 0770040274200004 | Dharauti |

4. Bid must be valid for a period of 90 days counting from the day of bid opening.
5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered at last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other procurement process is remains as per rule of PPA, 2063 and PPR, 2064 (Revised).

**Chief Administrative Officer**

# बिरामी अर्थतन्त्रलाई सुधार्न सांसद चौधरीको सुझाव

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ बैशाख



कोभिड– १९ का कारण विश्व अर्थतन्त्र हाम्रो जीवनकालकै सबैभन्दा खराब अवस्थाबाट गुज्रिने प्रक्षेपण अन्तरराष्ट्रिय मुद्राकोष (आईएमएफ) लगायत अन्तरराष्ट्रिय संस्थाहरूले गरेका छन् । यो मन्दी सन् २००८ को भन्दा धेरै खराब रहने अनुमान गरिएको छ । आईएमएफले सन् २०२० मा विश्व अर्थतन्त्रको वृद्धिदर नकारात्मक रहने प्रक्षेपण गरेको छ ।

नेपालको हालसम्मको अवस्था मूल्यांकन गर्दा आर्थिक वृद्धिदर १ प्रतिशतमा सीमित रहने प्रक्षेपण छ । संयुक्त राष्ट्रसंघले नेपालजस्ता साना अर्थतन्त्र भएका ४४ देश कोभिड–१९ बाट सबैभन्दा बढी प्रभावित बनेको र यी देशमा वस्तु र सेवाको आपूर्ति अवरुद्ध हुदाभोकमरीको चुनौती व्यहोर्नु पर्ने अवस्था आउने बताएको छ । अर्थतन्त्रलाई खराब अवस्थाबाट जोगाउन विभिन्न देशहरूले प्रभावकारी पहल लिएका छन् ।

बंगलादेशले ८ अर्ब, यूएईले २७ अर्ब, दक्षिण कोरियाले करिब १० अर्ब र इन्डोनेसियाले ८ अर्ब डलरको आर्थिक प्याकेज कार्यान्वयनमा ल्याइसकेका छन् । अमेरिका, चीन, भारत र जापानजस्ता ठूला अर्थतन्त्रले जीडीपीको १० प्रतिशतसम्मका आर्थिक प्याकेजमार्फत आ-आफ्नो अर्थतन्त्रलाई चलायमान बनाउने कोसिस गरिरहेका छन् । यो समस्या नेपालको मात्रै होइन । र, यो समस्या कहिलेसम्म लम्बिन्छ भन्ने पनि हामीलाई थाहा छैन । तर, यसका बाबजुद हामीले हाम्रो जीवनलाई सामान्य रूपमा चलाउने प्रयत्न गर्नुपर्छ । यसका लागि हामीले अर्थतन्त्रलाई सामान्य अवस्थामा फर्काउने प्रयत्न गर्नुपर्छ । नेपालमा पर्यटन, औद्योगिक उत्पादन, रेमिटयान्स निकै खराब अवस्थामा पुगेका छन् । निर्माण, थोक तथा खुद्रा व्यापार र कृषि क्षेत्रसँगै बैंकिङ क्षेत्र प्रतिकूल अवस्थामा छन् ।

जलविद्युत्, सिमेन्ट जस्ता वृहत लगानीका परियोजना निर्माणमा ढिलाई भइरहेको छ र ब्याजको मारमा परेका छन् । निर्माण सामग्रीको उपलब्धता शून्यप्रायः छ । यी सबै कारणले मुलुकले ठूलो र दूरगामी मूल्य तिर्नुपर्ने स्थिति प्रष्ट देखिएको छ । अर्थतन्त्रमा अहिले आएको समस्या सरकार वा निजी क्षेत्रको मात्रै होइन । हामी सबै यो समस्याका साझेदार हौं । यो राष्ट्रिय समस्या हो ।

त्यसैले सर्वप्रथम हामी सोचमा स्पष्ट हुनु आवश्यक छ । विश्वका अन्यमुलुकले उद्योग व्यवसाय, साना तथा मझौला उद्योग र रोजगारी संरक्षणका लागि आर्थिक राहतका प्याकेजहरू कार्यान्वयनमा ल्याउनुको कारण राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाइ राख्ने प्रयास हो । यो निजीक्षेत्रलाई भरथेग होस् भन्नका लागि मात्रै गरिएको होइन ।

'हामीले के बुझ्नुपर्छ भने अहिले गोठको लैंनो गाई बिरामी परेको छ। उसलाई उपचार गरेर बचाइयो भने भरे-भोलिदेखि फेरि साँझ–बिहानै दुहुन पाइनेछ । तर, उपचार खर्च जोगाउने लोभमा उसलाई बचाइएन भने सदाका लागि दूध गुम्नेछ । त्यसैले सरकारले अहिले समस्यामा परेका उद्योग व्यवसायलाई पूर्ववत् अवस्थामा फर्काउनका लागि उपचार खर्च गर्न डराउनु हुँदैन ।'

अहिलेको स्थितिमा निजी क्षेत्र र सरकारले साझेदारका रूपमा काम गर्नुपर्छ । निजीक्षेत्रलाई जति निमोठे पनि हुन्छ भन्ने मानसिकता सही होइन । साथै, सरकार एक्लैले यो समस्या टार्न सक्छ भन्ने निजी क्षेत्रले सोचेको छ भने त्यो पनि सहि होइन । दुवै पक्ष यो सोचबाट माथि उठ्न सक्नुपर्छ । यो समय हाम्रो राष्ट्रिय अर्थतन्त्रलाई सकेसम्म कम प्रभावित बनाउन जे-जे गर्नुपर्छ, ती स्रोतप्रयोग गर्ने समय हो । विश्वका अन्य मुलुकले ठूलो कदम चालेर अर्थतन्त्रको जग बिग्रिन नदिन गरेका प्रयास यसकै उदाहरण हुन् ।

जस्तो अमेरिकाले ४ ट्रिलियन, अष्ट्रेलियाले ६६ विलियन, फ्रान्सले ४५ विलियन र इटलीले २८ विलियनका आर्थिक प्याकेजहरू कार्यान्वयनमा ल्याएका छन् । हामीले अन्तरराष्ट्रियस्तरमा चालिएका ति अनुभवबाट सिकेर देशको अर्थतन्त्र बचाउन व्यवहारिक रूपमै काम गर्नुपर्छ । हामीलाई थाहा छ- सरकारका पनि सीमा छन् । तर, यो समयमा देशमा स्थापित उद्योग, व्यवसायवा सेवा क्षेत्रलाई जोगाउन सकिएन भने सरकार फेरि लामो समयका लागि वित्तीय संकटमा फस्नेछ । हामीले के बुझ्नुपर्छ भने अहिले गोठको लैंनो गाई बिरामी परेको छ। उसलाई उपचार गरेर बचाइयो भने भरे-भोलिदेखि फेरि साँझ–बिहानै दुहुन पाइनेछ ।

तर, उपचार खर्च जोगाउने लोभमा उसलाई बचाइएन भने सदाका लागि दूध गुम्नेछ । त्यसैले सरकारले अहिले समस्यामा परेका उद्योग व्यवसायलाई पूर्ववत् अवस्थामा फर्काउनका लागि उपचार खर्च गर्न डराउनु हुँदैन । संकटमा यिनीहरूलाई जोगाउन सकियो भने राष्ट्रिय ढुकुटीमा निरन्तर योगदान पुर्याउनेछन् । त्यसैले विश्वका अन्य देशले अर्थतन्त्रलाई चलायमान बनाउन चालेका कदमबाट शिक्षा लिँदै नेपालले पनि विशेष आर्थिक प्याकेज कार्यान्वयनमा ल्याउनुपर्छ । म फेरि पनि दोहोर्याउन चाहन्छु– यसलाई निजी क्षेत्रलाई दिइएको राहतका रूपमामात्रै बुझिनु हुँदैन ।

देशले राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाउन चालिएको कदम मानिनुपर्छ । जब हामी राहतको कुरा गर्छौं, जीडीपीको ५ देखि १० प्रतिशतसम्म तरलता बजारमा प्रवाह गर्ने कुरा गर्छौं, यसको मर्मलाई आत्मसाथ गर्नु जरुरी छ । विभिन्न अवरुद्ध भएर बसेका योजनाहरु, रोजगारी श्रृजनागर्ने सेक्टरहरु पर्यटन, ठूला उद्योग वा कन्स्ट्रक्सन साईटहरु तिनलाई अत्यन्तै सहज रुपमा वित्तीय पहुँच उपलब्ध गराईनुपर्छ । प्राविधिक रुपमा १-२ प्रतिशत ब्याजदर छुटले खासै महत्व राख्दैन ।

उद्योगको प्रकृती र उसले झेलिरहेको समस्याको अवस्थालाई मूल्यांकनगरि ति उद्योगका लागि तरलताको प्रवाह यसरी गरिनुपर्छ ता की उद्योगले तत्कालका व्ययभार धान्न सकोस् र उद्योगलाई दिगो बनाउन सम्भव होस् । बेलायतले २० विलियन पाउण्डको आर्थिक प्याकेज सार्वजनिक गर्दै आगामी तीन महिनासम्मका लागि कर्मचारीको तलब ८० प्रतिशत सरकारले व्यहोर्ने घोषणा गरेको छ । त्यस्तै न्यूजिल्याण्डले पनि तलब, कर र व्यवसायमा समर्थन गर्न ७.३ विलियन डलरको आर्थिक प्याकेज सार्वजनिक गरेको छ । 'अहिले हामी तरकारी, फलफुल समेत भारत र चिनमा आश्रित छौं । तरकारी र फलफुलको आयात प्रतिस्थापन गर्न सक्यौं भने देशमा कृषि क्षेत्रमा नयाँ अध्याय शुरू हुनेछ । तर, भारत र चिनको उत्पादनसँग हामी प्रतिस्पर्धी बन्न त्यति सजिलो छैन ।

त्यसका लागि सरकारले प्राथमिकताका साथ किसानलाई आवस्यक मात्रामा समर्थन गर्नुपर्छ र यस क्षेत्रमा अनुदान दिन समेत हिच्किचाउनु हुदैन ।' हामीले रोजगारीका अवसरहरूलाई कसरी जोगाएर राख्ने भन्नेतर्फ निकै गम्भीर भएर सोच्नुपर्छ । हाम्रो श्रम बजारमा वार्षिक ५ लाखभन्दा धेरै युवा भित्रिन्छन् । मध्यपूर्वमात्रै होइन, अमेरिका र युरोपमा रहेका नेपालीपनि स्वदेशमै फर्किन चाहिरहेका छन् ।

श्रम बजारमा कोरोनाले उत्पन्न गरेको समस्याका कारण लाखौं युवा नेपाल फर्किने दिनको प्रतीक्षामा छन् । देशभित्रै श्रम बजारमा आउने र विदेशबाट समेत फर्किन बाध्य भएका युवालाई अब यहीँ रोजगारी दिनुपर्ने अवस्था छ । हाम्रो अर्थतन्त्रमा आएको मन्दीले देशभित्रका रोजगारी पनिगुम्ने अवस्था छ । हस्पिटालिटी क्षेत्रमा आएको समस्या हाम्रा अगाडि छर्लंगै छ ।

त्यसैले हामीले तीयुवाहरूको रोजगार व्यवस्थापन गर्नेतर्फ गम्भीर गृहकार्य गर्न जरुरी छ । कृषि क्षेत्रलाई व्यावसायीकरण गर्ने यो एउटा ठूलो अवसर हुन सक्छ । नेपालले सामुदायिक वनको व्यवस्थापनमा जस्तै कृषी क्षेत्रमा पनि नयाँ इतिहास स्थापित गर्न सम्भव छ । कृषी क्षेत्रमा लाखौंको जनशक्तिलाई परिचालन गर्न सकिन्छ । अहिले हामी तरकारी, फलफुल समेत भारत र चिनमा आश्रित छौं । तरकारी र फलफुलको आयात प्रतिस्थापन गर्न सक्यौं भने देशमा कृषि क्षेत्रमा नयाँ अध्याय शुरू हुनेछ । तर, भारत र चिनको उत्पादनसँग हामी प्रतिस्पर्धी बन्न त्यति सजिलो छैन । त्यसका लागि सरकारले प्राथमिकताका साथ किसानलाई आवस्यक मात्रामा समर्थन गर्नुपर्छ र यस क्षेत्रमा अनुदान दिन समेत हिच्किचाउनु हुदैन । रोजगारी श्रृजनागर्ने लक्ष्यका साथ विगतमा चालिएका कदमहरूको गहिरो समिक्षा गरि ति गल्ती नदोहोरिने प्रतिवद्धता पनि सँगै गरिनुपर्छ ।

चाहे युवास्वरोजगार कोष होस् वा सरकारले ग्यारेन्टी गरेको १०० दिनको रोजगारी, यि असल नियतले नै कार्यान्वयनमा ल्याइएका हुन् । राज्यकोषबाट पैसा बाड्दैमा रोजगारी श्रृजनागर्न सकिदैन भन्ने दृष्टान्त हाम्रा सामु छ । प्रश्न आउछ- स्रोतको व्यवस्था कसरी गर्ने ? त्यसका लागि हुनसक्छ केही अलोकप्रिय तर दूरगामीप्रभाव पर्ने इच्छा शक्तिको खोजी गरेको छ । सरकारद्वारा गठित सार्वजनिकखर्च पुनरावलोकन आयोग–२०७५ ले सरकारले अनावश्यक खर्च कटौती गर्दा मात्रै पनि वार्षिक ४ खर्ब रुपैयाँ बचत गर्न सकिने सुझावदिएको छ । देशमा रहेका ३०० भन्दा बढी समितिहरू किन आवश्यक छन् ? भनेर आयोगले प्रश्न उठाएको छ ।

मन्त्रालयहरूको संख्या १६ र विभागहरूको संख्या ३५ मा सीमितगर्न सकिने सुझावदिइएको छ । हामीले खास औचित्य नरहेका सरकारी निकायहरू विघटन गर्न सक्नुपर्छ । सरकारी कोषका लागि बोझ सावित भएका सार्वजनिक संस्थानहरू निजीकरण वाखारेज गर्न सक्नुपर्छ । फजुलखर्च नियन्त्रण गरिनुपर्छ । सामाजिक सुरक्षा कोषमा अर्बौं रकम थुप्रिएर रहेको छ । अहिले उद्यमी व्यवसायी र कर्मचारीका बीचमा सद्भाव बिग्रिन नदिन यस कोषको समुचित प्रयोग गरिनु राम्रो हुन्छ । नयाँ परियोजनाहरू थप्ने र अधकल्चो अवस्थामा राखिरहने प्रवृत्तिको अन्त्य हुनुपर्छ । कहाँ लगानी गर्ने भन्ने विषय यसअघि नै कार्यान्वयनमा गइसकेका परियोजनाको कार्यप्रगतिका आधारमा टुंगो लगाइनुपर्छ ।

बजेट विनियोजन गर्ने, खर्च नगर्ने र थन्किएर बस्ने नियति अब दोहोरिनु हुँदैन । शुरु गरिसकिएका र अगाडि बढाउन तयार भएका परियोजनाहरू नै सोमबारका प्राथमिकता हुनुपर्छ ।

*(बिनोद चौधरीले सोमबार संघीय संसदमा गरेको सम्बोधनको सम्पादित अंश)*

# 'बजेटमा सहकारीलाई प्राथमिकता दिनुपर्छ'

**काठमाडौं/मस**-सङ्घीय संसद्को अर्थ समितिले कोरोना भाइरस (कोभिड-१९)ले अर्थतन्त्रमा पारेको प्रभाव र आगामी आर्थिक वर्षको बजेटका प्राथमिकतालगायत विषयमा सहकारी क्षेत्रसँग छलफल गरेको छ । छलफलमा सहकारी क्षेत्रका अगुवाले कोभिड-१९ का कारण सहकारी क्षेत्र प्रभावित बनेको भन्दै आगामी बजेटमा सहकारीलाई प्राथमिकतामा राख्नुपर्ने सुझाव दिएका छन् ।

राष्ट्रिय सहकारी महासङ्घका अध्यक्ष मीनराज कँडेलले जनताको प्रत्यक्ष सहभागी भएको सहकारी क्षेत्रलाई बन्दाबन्दी (लकडाउन)ले प्रभाव पारेको भन्दै सहकारीलाई प्राथमिकतामा राख्दा राज्यलाई नै सहयोग पुग्ने बताए । उनले अब विदेशबाट फर्केर आउनलाई सहकारीसँग जोडेर उत्पादनशील कार्यमा लगाउनेखालका कार्यक्रमलाई बजेटमा समेट्न आग्रह गरे ।

राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केबी उप्रेतीले कोभिड-१९ का कारण सहकारी क्षेत्रमा देखिएको समस्यालाई सम्बोधन गर्नेखालको कार्यक्रम बजेटमा समेट्नुपर्ने बताए । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घका अध्यक्ष परितोष पौडेलले छुट्टै वित्तीय सहकारी ऐन ल्याउन माग गरे । कृषि सहकारी सङ्घका अध्यक्ष खेम पाठकले दूध र कृषि सामग्री बोक्ने गाडीलाई भन्सार छुटको व्यवस्था गर्नुपर्ने सुझाव दिए । तरकारी तथा फलफूल सङ्घका अध्यक्ष विनोद पराजुलीले फलफूलको भण्डारणका लागि शीत भण्डारको आवश्यकता रहेको बताए ।

केन्द्रीय दुग्ध सहकारी सङ्घका कोषाध्यक्ष कृष्णप्रसाद सापकोटाले दूधबाट पाउडर बनाउने उद्योग पर्याप्त मात्रामा नहुँदा लकडाउनका बेला दूधको उपयोग गर्न समस्या भएको बताउँदै दैनिक ६ लाख लिटर दूध सङ्कलन हुनुपर्नेमा अहिले तीन लाखमात्र भएको हुँदा दूधबाट पाउडर बनाउने उद्योग स्थापना गर्नुपर्नेमा जोड दिए । उनले भैंसी र गाईपालनका लागि छुट्टै पकेट क्षेत्र घोषणा गनुपर्ने बताए ।

समिति सदस्य ज्ञानेन्द्रबहादुर कार्कीले कृषिमा मात्र आत्मनिर्भर हुन सके मुलुकको समृद्धिमा सहयोग पुग्ने बताए । उनले सहकारीको महत्व पहिलेभन्दा बढेको भन्दै सहकारीमार्फत कृषि कार्य गर्न सकिने बताए ।

समितिका सभापति कृष्णप्रसाद दाहालले सहकारी क्षेत्रमा सङ्कट नआउने गरी आगामी बजेटमा सरकारको ध्यान जाने बताए । उनले धेरै मानिसलाई परिचालन गर्न एकमात्र माध्यम सहकारी भएकाले यसको विकासमा सबै लाग्नुपर्ने आवश्यकता औंल्याए ।

# अर्थतन्त्रलाई चलायमान बनाइने

**काठमाडौं, रासस**- अर्थमन्त्री डा युवराज खतिवडाले कोरोना भाइरसबाट जनताको जीवनरक्षाका लागि जारी बन्दबन्दीकैबीचमा अर्थतन्त्रलाई क्रमशः चलायमान बनाइने बताएका छन् । राष्ट्रियसभाको सोमबारको बैठकमा पूर्वबजेट छलफलअन्तर्गत आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक) सम्बन्धमा भएको छलफलपछि जवाफ दिँदै मन्त्री खतिवडाले अहिलेको पहिलो चुनौती जीवनरक्षा भएको र जीवनरक्षाकै लागि आर्थिक गतिविधिलाई पनि सँगसँगै अघि बढाउने दिशामा सरकारउन्मुख भएको बताए । मन्त्री खतिवडाले कृषि उत्पादनले बजार पाउनुपर्ने र स्थानीय तहलाई थप अधिकार दिने कुराहरुलाई स्वीकार गर्दै कोरोना जोखिमका समयमा प्रदेश र स्थानीय तह सक्रिय भई सङ्घीयताको औचित्य पुष्टि गरेकाले तीन वटै तहका सरकारबीच समन्वय बढाउने गरी बजेटको प्रबन्ध गर्ने बताए । उनले सांसदहरुले कोरोना सङ्कटले प्रभावित भएको अर्थतन्त्रलाई माथि उठाउन कृषि क्षेत्रलाई प्राथमिकता दिन र स्वास्थ्य पूर्वाधारमा लगानी बढाउन दिएका सुझावलाई बजेट निर्माणका क्रममा मार्गदर्शनका रुपमा लिइने विश्वास व्यक्त गरे ।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)

जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Covid-19) का मूख्य लक्षणहरु




नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

- नियमित रूपमा साबुन पानीले हात धुने ।
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह Madhyanha National Daily राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

# चामल खरीदका लागि तेस्रो बोलपत्र आह्वान गरिँदै




**काठमाडौं/मस**- सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले मौज्दात सकिनै लाग्दा एक लाख क्विन्टल चामल खरीदका लागि तेस्रो पटक बोलपत्र आह्वान गर्दैछ । यसअघि दुई चोटि बोलपत्र आह्वान गरिँदा पनि पर्याप्त आवेदन परेन ।

पछिल्लो बोलपत्र आह्वान गरेको १९ दिन हुँदा पनि खरीद प्रक्रिया शुरु हुन सकेको छैन । कम्पनीले भण्डारण खाली भएको जनाउँदै पहिलो पटक गत चैत ५ गते ३० दिनको समयसीमा राखेर बोलपत्र आह्वान गरेको थियो । उक्त समयमा कुनै आवेदन नपरेपछि पुनः यही वैशाख १० गते १५ दिनको अवधि राखेर दोस्रो बोलपत्र आह्वान गर्‍यो । उक्त अवधिमा दुई जनाको आवेदन परे पनि अन्तिम दिन सम्पर्कमा नआउँदा चामल खरीद अन्योलमा परेको कम्पनीले जनाएको छ ।

दोस्रो पटकको बोलपत्रमा समेत चामल खरीदको प्रक्रिया शुरु हुन नसकेपछि कम्पनीले बजारको अवस्थालाई अध्ययन गरेर पुनः बोलपत्र आह्वानको तयारी गरेको छ।

तेस्रो पटक बोलपत्र आह्वानको तयारी गरिएको कम्पनीका प्रमुख कार्यकारी अधिकृत नेत्रप्रसाद सुवेदीले जानकारी दिए । उनका अनुसार लकडाउनका कारण बजारमा खाद्यान्न मूल्य वृद्धि भएको र पुरानो दरमा कुनै पनि संस्था तथा व्यक्तिले आवेदन दर्ता नगराएपछि बजारको अवस्था अध्ययन गरेर पुनः बोलपत्र आह्वान गरिने तयारी भएको हो । सम्भवतः एक दुई दिनमा नै मूल्यसम्बन्धी अध्ययन सकेर बोलपत्र आह्वान गरिने कम्पनीले जनाएको छ । कम्पनीले सात कार्यालय विराटनगर, लहान, काठमाडौं, नेपालगञ्ज, धनगढी तथा शाखा कार्यालय वीरगञ्ज र सुर्खेतका लागि बोलपत्र आह्वान गरेको हो । काठमाडौंसहित १४ जिल्लामा कम्पनीसँग चामल र धान (चामल बन्ने अनुमान) दुवै गरी हाल अठार हजार १३८ मेट्रिक टन चामल मौज्दात छ ।

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**